# HRRP District Coordination
# Meeting Minutes

| | |
|---|---|
| बैठकको उद्देश्य: | जिल्ला समन्वय बैठक |
| बैठक मिति:: | २०७४ साल कार्तिक २७ गते |
| बैठक समय: | २ :०० देखि ४:३० बजे सम्म |
| बैठक स्थान: | प्राधिकरण कार्यालय, बिदुर, नुवाकोट |
| बैठक सहजकर्ता: | बेदप्रसाद गौडेल, निमित्त प्रमूख, प्राधिकरण, नुवाकोट,<br>बिदुर खड्का, भवन विभाग नुवाकोट प्रमुख,<br>बद्री प्याकुरेल र बुद्ध सिंह ठकुरी - एचआरआरपी, नुवाकोट |
| माईनुट लिने अधिकारी: | बद्री प्याकुरेल |

**छलफल:**

**विषय:**

१. परिचय र स्वागत
२. लक्ष्य तथा सफलता सम्बन्धि साँझेदार संस्थाहरुबाट अपडेट
३. पुनर्निर्माणका लागि मूख्य व्यक्ति
४. लाभग्राही संख्या तथा खटिएका इन्जिनियरहरु
५. पुन:सर्भेक्षण र पुन:जाँच टिमको अवस्था
६. नयाँ क्रियाकलाप माथि अपडेट (एचआरआरपीको समाचार खण्ड)
७. अन्य

**बैठक**

**१. परिचय र स्वागत**

प्राधिकरणका प्रमूखले सबै साँझेदार संस्थाहरुलाई स्वागत गर्दै सहभागिहरुबीच परिचयात्मक कार्यक्रम सम्पन्न भयो । त्यसपछि बद्री प्याकुरेलद्धारा बैठकको एजेण्डाबारे जानकारी गराउनुभयो । बुद्धसिंह ठकुरी, (सूचना व्यवस्थापन अधिकृत)ले आवासीय पुनर्निर्माण प्रगति र साँझेदार संस्थाहरुको 4W मा देखिएका कार्यक्रम सम्बन्धि प्रस्तुत गर्नुभयो ।

**२. लक्ष्य तथा सफलता सम्बन्धि साँझेदार संस्थाहरुबाट अपडेट**

साँझेदार संस्थाहरुले आवास क्षेत्रमा काम गरिरहेका र अन्तिम चरणमा पुगेका कार्यक्रम बारे जानकारी दिनुभयो ।

**क. ICIMOD**

हाल चारघरे गाविसको बिदुरको ६ र १२ मा आफ्नो कार्यक्रम कार्यान्वयन गरिरहेको छ । कार्यक्षेत्रमा ९६ लाभग्राहीहरु रहेका छन् जसमध्ये ७१ घरधुरी निर्माणाधिन अवस्थामा छन् भने १० घरधुरीले सम्भवत् आउने हप्तामा काम शुरु गर्नेछन् । बाँकी भएकाहरुको स्थानीय स्तरमा लाभग्राही सूचिमा नाम छैन र गुनासो दर्ता प्रक्रियामा छन् ।

**ख. Habitat for Humanity**

यस संस्थाले साविकको तुप्चे गा.वि.स. हाल बिदुर-७ मा आफ्नो कार्यक्रम कार्यान्वयन गरिरहेको छ । लक्षित लाभग्राही संख्या २२० रहेका छन् जसमध्ये ६३ घरधुरी निर्माणाधिन अवस्थामा छन् भने ७२ घरधुरीले र्निमाण सम्पन्न गरेका छन् । १३ घरधुरीमा विभिन्न समस्याका कारण हालसम्म शुरु गर्न सकेका छैनन् । त्यसैले लाभग्राहीहरुलाई अन्यत्र सार्नुपर्ने प्रस्ताव गरेका छन् । अर्को कार्यक्षेत्र साल्मे गा.वि.स.हो । भर्खरै किस्पाङ्ग


HRRP | Jwagal, Lalitpur | http://hrrpnepal.org/ | info@hrrpnepal.org
©2017 HRRP | All Rights Reserved

**छलफल:**

ग्रामीण नगरपालिकामा १०० लक्षित घरधुरी छन् र ९९ घरधुरीहरुले प्रथम किस्ता प्राप्त गरेका छन् भने आजसम्म ५५ घरधुरीहरुले निर्माण काम सम्पन्न गरेका छन् ।

**ग. NSET** बलियो घर

यस कार्यक्रमले विभिन्न गा.वि.स. र वडा स्तरमा ७३०० व्यक्तिहरुलाई प्राविधिक सहायता दिएको छ। उक्त कार्यक्रमले १,३६३ डकर्मीको तालिम र २९८ जनालाई प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरेको छ। यी गा.वि.स.हरुमा १०० जनाको लागि व्यवसायिक तालिम संचालनमा भइरहेको छ।

घ. **Oxfam**

**Oxfam** ले ९ गा.वि.स.मा विभिन्न क्षेत्रमा जस्तै सरसफाई, उत्थानशिल जिविकोपार्जन र आवासीय , विपद् जोखिम न्यूनिकरण र लैंगिक सवालमा काम गरिरहेको छ। रालुका गा.वि.स.मा प्रबलिकरण काम जारी छ। १५ जनालाई कार्यगत तालिम (OJT) र सामुदायिक स्तरमा प्राविधिक सहायता सम्बन्धि सामुदायिक अभिमुखिकरणहरु संचालन गरिरहेको छ।

उर्लेनी गा.वि.स.का विस्थापित ७१ घरधुरीहरुलाई सहयोग गर्ने योजना छ। खरानिटारमा जग्गा खरिद प्रक्रिया जारी छ।

ङ **Samaritan's Purse**

यस संस्थाले शिखरबेशी, उर्लेनी, लाच्याङ्ग र बागेश्वरी गरी ४ वटा गा.वि.स.हरुमा विद्यालय सहयोग कार्यक्रम सम्पन्न गरेको छ। ५ वटा गा.वि.स.हरुमा सरसफाई र जिविकोपार्जन कार्यक्रम निरन्तर रुपमा संचालित छन् ।

अन्य गाविसमा सरसफाई र जिविकोपार्जन सहयोग कार्यक्रम संचालनमा रहेका छन ।

च. **RSDC**

यस संस्थाको चौघडा वडा नं. ४ मा आवास सहयोग कार्यक्रम भएको छ र हाललाई पञ्चकन्या ग्रामिण नगरपालिका वडा नं.१ मा कार्यरत छ। दोस्रो किस्ता प्रदान गर्न सफल भएको छ। अन्य कार्यक्रम विभिन्न गा.वि.स.हरुमा संचालन भइरहेका छन् ।

छ. **World renew**

World renew ले आफ्नो लक्षित कार्यक्रम सम्पन्न गरी परियोजना समापन गर्न लागेको छ। यस संस्थाले स्थानिय समुदायलाई परियोजना हस्तान्तरण गर्न एउटा छुटै कार्यक्रमको आयोजना गर्नेछ। यस संस्थाले २ वटा विद्यालयलाई सहयोग गरिरहेको छ भने एउटा सामूदायिक भवनको लागि सहायता कार्यक्रम रहेको छ।

ज. **Nepal Redcross Society, Nuwakot**

नेपाल रेडक्रस सोसाइटीको आवासीय कार्यक्रम काहुले र भाल्चे गा.वि.स.मा रहेको छ। यी क्षेत्रमा प्राविधिक सहायता पनि रहेको छ। ९० प्रतिशतले डिपिसी तहको काम सम्पन्न गरेका छन् भने २० प्रतिशतले तेस्रो किस्तामा सहभागि भएका छन् ।

**३. सवाल र चूनौतीहरु:**

क) प्राविधिक निरीक्षणमा केही समस्या देखिएपनि हाललाई यसमा केही सुधार देखिएको छ।



HRRP | Jwagal, Lalitpur | http://hrrpnepal.org/ | info@hrrpnepal.org
©2017 HRRP | All Rights Reserved

**छलफल:**

ख) प्राधिकरणबाट आर्थिक प्रक्रियामा जारी हुने नियमहरुमा परिवर्तन भईरहने भएकाले कार्यान्वयनमा अस्पष्टता देखिनु ।

**४. जिल्ला समन्वय बैठकको मिति निर्धारण**

आगामी समन्वय बैठक प्राधिकरणको हलमा प्रत्येक अंग्रजी महिनाको अन्तिम बिहिबार ९:०० बजे बस्नेछ ।

**५. लाभग्राही संख्या तथाखटिएका इन्जिनियरहरु**

DUDBC नुवाकोटका प्रमुख श्री बिदुर खड्काले अब सबै इन्जिनियरहरु ग्रामीण/नगरपालिका अन्तर्गत खटाइएका हुनाले उनीहरु स्थानीय संरचनामा गाभिएको छ र सोही अनुरुप परिचालन हुनेछन् ।

**६. पुनसर्भेक्षण र पुनप्रमाणिकरण टिमको अवस्था**

प्राधिकरणका निमित्त प्रमुख श्री बेद प्रसाद गौडेलले इन्जिनियरहरुको कार्यावधि समाप्त भएको तर काम नसकिएको जानकारी गराउदै अब अर्को योजनाले बाँकी रहेका सवाललाई सम्बोधन गर्नेछ ।

**समापनः**

DUDBC नुवाकोटका प्रमुख श्री बिदुर खड्काले लाभग्राहीहरुको लागि प्राविधिक सहायता दिन १:७०० को अनुपातमा गरिएको थियो तर यो अनुपातमा केही कमी भएको छ । त्यसैले नुवाकोट जिल्लाको लागि अझै ५० इन्जिनियरहरु प्रस्ताव गरिएको छ र यस सम्बन्धि उहाँ एकदमै सकरात्मक भएको जानकारी गराउनु भयो ।

प्राधिकरणका निमित्त प्रमुख श्री बेद प्रसाद गौडेलले साँझेदार संस्थाहरुले प्राधिकरणलाई बुझाउनुपर्ने नियमित प्रतिवेदनमा केन्द्रित हुदै सबै संस्थाहरुलाई अबका मासिक प्रतिवेदन लक्ष्य तथा सफलता उल्लेख भएको ढाँचामा प्रतिवेदन बुझाउन निर्देशन गर्नुभयो जसले गर्दा उक्त प्रतिवेदन प्राधिकरणको जिल्ला तथा केन्द्रिय स्तरमा प्रस्तुत गर्न सजिलो हुने बारे जानकारी दिनुभयो ।

**पार्किङ्ग लटः**

**१. पुनर्निर्माणका लागि श्रोतव्यक्तिहरुको**

यस बारे बैठकमा विषय प्रवेश पाएता पनि निश्कर्षमा पुग्न सकेन ।

**विविधः**

१. कार्यक्षेत्र तथा व्यक्तिगत रूपमा असर पुऱ्याईरहेका अन्य विषयहरु बारे छलफल पनि भयो ।

**निर्णय**

**१.समन्वयलाई निरन्तरता दिने :**

सबै साँझेदार संस्था र कार्यान्वयन संस्थाहरुले समन्वय र अनुभव आदानप्रदान कार्यले स्थानिय स्तरमा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने भएकोले उक्त बैठकहरुको अधिकतम उपयोग गर्नुपर्ने ।


©2017 HRRP | All Rights Reserved

| निर्णय |
|---|
| **२.सामाजिक परिचालन :**<br>लाभग्राहीहरुको लागि सुरक्षित आवासको जनचेतना नहुनाले तेस्रो किस्ता नपाउने संख्यामा वृद्धि भएको छ । त्यसैले स्थानिय स्तरमा कार्यरत प्रत्येक साँझेदार संस्था र ईन्जिनियरहरुले बलियो घर बारे जनचेतना जगाउनुपर्ने आवश्यकता देखिएको छ । |

| **Next Steps:** (Task, Assigned to, Checkpoint Date) | Person(s) Responsible | Due Date |
|---|---|---|
| *[Insert next step]* | | |
| *[Insert next step]* | | |

| Attendees | Organisation | Phone No. | Email |
|---|---|---|---|
| Govinda Joshi | ICIMOD | 9841276856 | Govinda.joshi@icimod.org |
| Sabin Maharjan | HFH | 9801133804 | sabinmaharjan@habitatnepal.org |
| Bikram Danuwar | HFH | 9801133825 | bdanuwar@habitatnepal.org |
| Ayush Baskota | NSET | 9851230832 | abaskota@nset.org.np |
| Deepak Singh | OXFAM | 9851241011 | dsingh@oxfam.org.uk |
| Raju Manandhar | Samaritan Purse | 9841330524 | Raju.531@gmail.com |
| Retina Shrestha | Samaritan Purse | 9808599798 | rshrestha@samariton.org |
| Ram Singh Tamang | World Renew | 9801009667 | Ramsingh.wr.nepal@gmail.com |
| Santosh Pokhrel | NRCS | 9851094196 | Pokhrel.santosh5@gmail.com |
| Bikesh Shrestha | DRCSP | 9851138880 | bikeshthaiba@gmail.com |
| Santosh Koirala | DRCSP | 9860686842 | Santoshaa25@gmail.com |
| Bidur Khadka | DLPIU | 9851240179 | bskhadka@gmail.com |
| Ved Prasad Gaudel | NRA | 9843935523 | Vgprasadgaudel123@gmail.com |
| Buddha Singh Thakuri | HRRP | 9841961829 | Im.nuwakot@hrrpnepal.org |
| Badri Pyakurel | HRRP | 9851154201 | dc.nuwakot@hrrpnepal.org |


©2017 HRRP | All Rights Reserved